# देवी सुनुवारको अपिल

मिति: २०७४ जेठ ४ गते

नमस्कार,

सर्वप्रथम, मेरी छोरीलाई न्याय दिलाउनका लागि १३ बर्षे संघर्षपूर्ण र पीडादायी न्यायीक लडाईमा साथ दिनु भएकोमा सबैलाई धन्यवाद दिन चाहन्छु । मलाई पुनः यहाँहरुको साथ र सहयोगको आवश्यकता परेको छ । यो घटना एक दशक भन्दा पुरानो भइसकेकोले मेरी छोरीलाई के भएको थियो भन्ने बारे पुनः स्मरण गराउँदै मलाई यहाँहरुको साथ र सहयोगको खाँचो पर्नुको कारण उल्लेख गर्न चाहन्छु ।

उनलाई बिरेन्द्र शान्ति कार्य तालिम केन्द्रवाट खटिइ आएका नेपाली सेनाका अधिकृत निरञ्जन बस्नेतको नेतृत्वमा रहेको नेपाली सेनाले पक्राउ गरेको थियो । निज बस्नेतको टोलीले मेरी छोरीलाई १७ फेब्रुअरी २००४ मा पक्राउ गरी बिरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा लगेका हुन् । म र मेरो श्रीमान् लगायत अन्य मेरी छोरीलाई भेट्न त्यहाँ गएका थियौं तर उनीहरुले मेरी छोरी पक्राउ नगरेको र त्यहाँ नराखिएको जवाफ दिए । सेनाले उनको पक्राउ र थुनाबारे केहि जानकारी नभएको बताए । अन्य सरकारी निकायहरुले पनि उनलाई पक्राउ गरेको अस्विकार गरे । मेरी १५ बर्षिय छोरीलाई त्यतिकै वेपत्ता बनाइयो ।

उनलाई वेपत्ता बनाइ कुन ठाउँमा के कस्तो अवस्थामा राखिएको छ भन्ने जान्न नपाउँदा मैले भोगेका पीडा र चिन्ता व्यक्त गर्न म सँग शब्दहरु छैनन । प्रत्येक पल मेरा लागि पीडादायी थिए । तर उनलाई भेटेर भन्ने मेरो ईच्छाले मलाई बाँच्न र उनको निरन्तर खोजी गर्न प्रोत्साहित गर्‍यो ।

म एड्भोकेसी फोरम जस्ता राष्ट्रिय संघसंस्थाहरु लगायत त्यहाँका साहसी वकिलहरु लगायत मलाई यस्तो कठिन न्यायीक लडाईमा निरन्तर साथ दिनु हुने यहाँहरु सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस न्यायीक लडाईका दौरान म विस्थापित हुनु पर्‍यो, लुकेर हिड्नु पर्‍यो तर मैले यहाँहरुको निरन्तर साथ र सहयोग पाइरहें । तपाईहरुको साथ र सहयोगले सेना माथि दवाव दिन सफल भयौं, फलतः सेनाले मेरी छोरीलाई पक्राउ गरेको स्विकार गर्न बाध्य भयो । तर उनीहरुले मेरी छोरीलाई पक्राउ गरी सैनिक ब्यारेकमा ल्याउँदा बाटोमा भाग्ने काशिस गर्दा सेनाको गोलीवाट मृत्यु भएको भनेर हामी सबैलाई ढाँटे ।

मैले मेरी छोरीलाई जिउँदै भेट्ने सपना चकनाचुर भयो । नेपाली सेनाले एउटी नाबालिकलाई मारेर उनकी आमालाई तिम्री छोरी भाग्न खोज्दा मारिइ भन्छ भनेर कहिले पनि सोंचेकी थिइन । म सत्य जान्न चाहन्थे, पूर्ण सत्य ।

तर सेनाले आन्तरिक जाँचबुझ हुने जानकारी दियो । म सैनिक जाँचबुझको परिणामलाई उत्सुकता पूर्वक कुरेर बसेकी थिएँ । सेनाले मेरी छोरीलाई पक्राउ पश्चात सैनिक ब्यारेकमा लैजाँदा मारेको नभई सैनिक ब्यारेक भित्र मृत फेला परेको स्विकार गर्‍यो । तीन जना सैनिक अधिकृत उनको मृत्यु भई सकेपछि सदगद गर्दा अपनाउनु पर्ने उचित कानूनी प्रक्रिया पुरा नगरेको भनी सैनिक अदालतले २०६२ भदौ २३ मा दोषी ठहर गरी ६ महिना कैद तथा एक देखि दुई बर्षसम्म बढुवा रोक्ने निर्णय गरेको थियो ।

सेनाले फेरी पनि म र यहाँहरुलाई पनि ढाँट्यो । पछि उनीहरुको आन्तरिक जाँचबुझको प्रतिवेदन सञ्चार माध्यममा आए पछि मेरी नाबालिक छोरीलाई कसरी यातना दिएर हत्या गरिएको थियो भन्ने दर्दनाक तथ्यहरु प्राप्त भयो । ब्यारेकमा ल्याए पछि कर्णेल बबि खत्रीले उनलाई यातना दिन आदेश दिएका थिए । निजको आदेशमा मेरी छोरीलाई सास रोकिने गरी पानीमा टाउको डुबाउने, चिसो पानीमा डुबाउँदै चिसो शरिरमा बिजुलीको झड्का लगाउदै यातना दिइएको रहेछ । यातनाका कारण मेरी छोरीको मृत्यु भइसके पछि मृत शरिरको पिठयुँमा गोली हानिएको रहेछ सेनाको आन्तरिक प्रतिवेदनमा सैनिक अधिकृतहरु सुनिल प्रसाद अधिकारी, अमित पुन, निरञ्जन बस्नेत लगायत ७ जना सैनिक अधिकृतहरु उक्त घटनामा साक्षी र सहभागी थिए भनी उल्लेख छ ।

उक्त घटनामा संलग्न यी चार जना अभियुक्तहरु सहित अन्य कोही भए उनीहरु समेतलाई कारबाही गर्न जाहेरी दिएँ । फौजदारी अनुसन्धान गर्न गरिएको मेरो निवेदनलाई वेवास्ता गरिए पनि एड्भोकेसी फोरम लगायत अन्य संघसंस्था र सहयोगीहरुको साथले कानूनी लडाई लडियो । सर्वोच्च अदालतको आदेश पछि मात्र जिल्ला सरकारी वकिल कार्यालयले चार जना अभियुक्तहरु विरुद्ध कर्तव्य ज्यान मुद्दा दायर गर्‍यो ।

एक दशक भन्दा लामो पीडादायी कानूनी प्रक्रिया पछि १६ अप्रिल २०१७ मा ३ जना तत्कालिन सैनिक अधिकृतहरुलाई दोषी ठहर गरियो । सरकारी वकिलले मैनाको हत्यामा संलग्न भनी सैनिक अधिकृतहरु बबि खत्री, सुनिल प्रसाद अधिकारी, अमित पुन र

निरञ्जन बस्नेत गरी ४ जना विरुद्ध ज्यान मुद्दा चलाएको थियो तर निरञ्जन बस्नेतलाई भने मेरी छोरीको यातना तथा हत्यामा प्रत्यक्ष संलग्नता नदेखिएको भनी सफाई दियो ।

अदालतले यस मुद्दाको तत्थलाई जसरी विश्लेषण गरेको छ त्यसमा मेरो चित्त बुझेको छैन । मेरी छोरीलाई पक्राउ गर्न र सैनिक व्यारेकमा ल्याउन प्रत्यक्षरुपमा क्याप्टेन बस्नेत नै संलग्न थिए । तत्कालिन अवस्थामा आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्र ऐन लागू भएको अवस्थामा पनि सेनालाई कुनै ग्रैह्व सैनिक नागरिकलाई पक्राउ गरी थुनामा राख्ने अधिकार दिएको थिएन । त्यसका साथै यातनाका शुरुवातमा उनी त्यहाँ उपस्थित थिए भनि साक्षीहरुले र निज स्वयं समेतले समेत जनरल सैनिक अदालतमा बयान गर्दा स्विकार गरेका थिए । हाल निज बस्नेत मात्रै सेनामा कार्यरत रहेको हुँदा निजलाई संरक्षण दिइएको शंका लागेको छ । म यो मुद्दालाई अपिल गरी तार्किक निस्कर्षमा पुऱ्याउन चाहन्छु ।

दूर्भाव्यवश, राजनीतिक दबावका कारण जिल्ला न्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरी हतार हतारमा उच्च सरकारी वकिलको कार्यालयको निर्णयका लागि पठाउनु र उक्त कार्यालयले अन्तिम निर्णयका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुले मलाई मर्माहत बनाएको छ । मैले अदालतको निर्णय पाउनका लागि १३ बर्ष कुर्नु पऱ्यो र ३ जना अधिकृतहरुलाई थुनामा पठाउने अदालतको निर्णय कार्यान्वयन भएको छैन भने उनीहरुलाई पक्राउ गरिने कुनै छाँटकाँट देखिदैन तर बर्तमान संयन्त्रले न्याय निरुपणमा भाँजो हाल्न र पीडकलाई जोगाउन रातारात काम गरेको देखिन्छ । निरञ्जन बस्नेतको विरुद्धमा मेरो अपिल रोक्नका लागि हतार हतारमा काम गरिएको प्रष्ट देखिन्छ ।

त्यसकारण, यस मुद्दालाई अपिल गरी तार्किक निष्कर्षमा पुऱ्याउन पाउने मेरो अधिकार रक्षाका लागि पहल गरिदिनु हुन यहाँहरु समक्ष अनुरोध गर्दछु । मेरी छोरीको हत्याराहरुलाई सजाय दिलाए पछि मात्र अन्तिम संस्कार गर्ने बाचा अनुसार मैले हालसम्म मेरी छोरीको अन्तिम संस्कार गर्न पाएकी छैन ।

महान्यायाधिवक्ता स्वयंले पीडितको न्यायको लागि लड्नुको सट्टा पीडकलाई बचाउनका लागि सम्पूर्ण संयन्त्र र शक्तिको दुरुपयोग गर्छ भने मेरा अन्य छोराछोरीहरु सुरक्षित छन्, तपाईहरुका बालवच्चाहरु सुरक्षित छन् भन्नेमा विश्वस्त हुन सकेकी छैन । मैले भोगेको पीडा अन्य आमाहरुले भोग्न नपरोस भन्ने चाहन्छु । त्यसैले महान्यायाधिवक्तालाई किन पीडकहरुलाई पक्राउ गरी सजाय गराउन तर्फ नलागेर कानूनी प्रक्रियालाई अबरुद्ध गर्न र अदालतको आदेश उपर चित्त नबुझेमा अपिल गर्न पाउने मेरो अधिकारलाई कुण्ठित गर्ने तर्फ लाग्नु भयो भनी प्रश्न गरिदिनु हुन अनुरोध गर्दछु । मैले मेरो निवेदन दर्ता गराई सकेकी छु तर मलाई थाहा छ सबैको सरोकार बिना मेरो निवेदनको सुनुवाई हुने छैन ।

धन्यवाद ।

देवी

देवी सुनुवार